नेपाल सरकार

# रक्षा मन्त्रालय

मिति: २०८३/०४/०७

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

आ. व. २०८२/८३ महिना: असार

### क. प्रशासन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | कर्मचारी प्रशासन शाखा | - यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८३ जेठ मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाबाट सिफारिस भई आए बमोजिम नियमित बढुवा, पदावधी थप र सरूवा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा १३ जना, पदावधी थप १ जना र सरूवा ६५ जना),<br>- मन्त्रालयमा २ जना कर्मचारी सरुवा भई आएका तथा १ जना कर्मचारी रमाना भई गएका सम्बन्धमा आवश्यक प्रशासनिक कार्य गरिएको, |
| २. | शासकीय सुधार तथा मानव संसाधन विकास शाखा | - मन्त्रालयले निजामती कर्मचारीतर्फ १ जना (भ्रमण) र नेपाली सेनातर्फ (सकलदर्जा) ११२ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/ कार्यक्रम, भ्रमण) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको तथा स्वदेशमा निजामती कर्मचारीतर्फ १ जनाको (सेमिनार/कन्फरेन्स/ वर्कसप/कार्यक्रम) मनोनयन गरिएको। साथै मनोनीत उम्मेदवारका आश्रित परिवारका सदस्य १३ जनाको लागि भिसासमेत सिफारिस गरिएको,<br>- यस शाखाको आयोजनामा मिति २०८३/०३/१२ गते योग प्रशिक्षक योगाचार्य श्री पूर्णयोगीज्यूबाट सकारात्मक सोच, आध्यात्मिक चिन्तन, योग |

| | | |
|---|---|---|
| | | तथा ध्यान, पुनर्ताजगी कार्यक्रमको सैद्धान्तिक ज्ञान तथा योगाभ्यास कार्यक्रम सञ्चालन भएको,<br>- यस मन्त्रालयका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित शासकीय सुधार एकाइको बैठक मिति २०८३ असार ३० गते सहसचिव श्री मनोजकुमार आचार्यको संयोजकत्वमा बसेको, |

## ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | योजना तथा सैनिक कल्याण शाखा | - BGWCC (British Gorkha Wefare Coordination Committee) को पचासौं वार्षिक बैठक मिति २०८३/०३/०३ गते सम्पन्न भएको,<br>- मिति २०८३/०३/०५ गते मन्त्रालय अन्तर्गतका महाशाखा/शाखाहरूसँग आ.व. २०८३/८४ को महाशाखा/ शाखासँग सम्बन्धित लाइन मिनिस्ट्री बजेट सूचना प्रणाली (LMBIS) मा स्वीकृत वार्षिक कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना माग गरिएको,<br>- मन्त्रालयको आगामी आ.व. २०८३/८४ को वार्षिक कार्ययोजना (Milestone) सँग सम्बन्धित विषयमा मिति २०८३/०३/०८ गते श्रीमान् सचिवज्यूको अध्यक्षतामा छलफल भएको,<br>- जेठ महिनाको माइलस्टोन प्रगति र मासिक सूचकको आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- मन्त्रालयको आगामी आ.व. २०८३/८४ को वार्षिक कार्ययोजना (Milestone) सँग सम्बन्धित विषयमा मिति २०८३/०३/०९ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छलफल भएको,<br>- काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि, २०७४ बमोजिम आयोजना कार्यान्वयनको लागि गठित आयोजनाको निर्देशक समितिको मिति २०८३/०३/११ गते सम्पन्न भएको ७१ औं बैठकमा मन्त्रालयको तर्फबाट समितिका सदस्य सहसचिव श्री ज्ञानेन्द्र पौडेलले प्रतिनिधित्व गर्नुभएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएबमोजिम नेपाली सेना, नीति तथा योजना निर्देशनालयबाट प्राप्त आ.व. २०८३/८४ को |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | आयोजना/कार्यक्रम कार्यान्वयनको पूर्वतयारी सम्बन्धी विवरण (Status Paper) मिति २०८३/०३/२४ गते उपलब्ध गराइएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएबमोजिम यस मन्त्रालय अन्तर्गतको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना मिति २०८३/०३/२६ गते उपलब्ध गराइएको,<br>- मिति २०८३/०३/२६ गतेको सचिवस्तरीय निर्णयानुसार यस मन्त्रालयको आर्थिक वर्ष २०८३/८४ को लागि लाइन मिनिस्ट्री बजेट सूचना प्रणाली (LMBIS) मा स्वीकृत वार्षिक कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयनका लागि महाशाखा/शाखाहरूमा पत्राचार गरिएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) अन्तर्गत कार्य सहमति (३० जना) र गैरपर्यटक भिसा (३७ जना) का लागि अध्यागमन विभाग तथा श्रम इजाजत (१७ जना) का लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग पत्राचार गरिएको, |
| २. | शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा ५४९ जना सकलदर्जाहरुको मनोनयन स्वीकृत, २७० जनाको विशेष राहदानी सिफारिस तथा ७ जनाको विभिन्न राष्ट्रको भिसा सिफारिस गरिएको,<br>- केन्या सरकारले नयाँ दिल्लीमा आवासीय रहने गरी नेपालका लागि गैर-आवासीय सैनिक सहचारी (Defence Attaché) पदमा Colonel (Dr.) Angela Wanjeri Githua लाई नियुक्त गर्न प्रस्ताव गरेको सम्बन्धमा मिति २०८३/०३/१६ (सचिवस्तर) को निर्णय अनुसार श्री परराष्ट्र मन्त्रालयमा सकारात्मक राय उपलब्ध गराइएको,<br>- United Nations Disengagement Observer Force (UNDOF) मिसन, सिरियामा Deputy Force Commander (DFC) को पदमा कार्यरत रहन नेपाली सेनाका सहायक रथी (हाल उपरथी) माधव थापालाई स्वीकृति प्रदान गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३/०३/१८ मा गरेको निर्णय बमोजिम स्वीकृति प्रदान गरिएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - मिति २०८३/०४/२५ गतेदेखि २७ गते (तदनुसार १०-१२ August २०२६) सम्म संयुक्त राज्य अमेरिकाको Honolulu, Hawaii मा आयोजना हुने Land Force Talks (LFT) को सातौं बैठकमा नेपाली सेनाका उपरथी अनुप जङ्ग थापाको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०३/१८ मा गरेको निर्णय नेपाली सेना तथा परराष्ट्र मन्त्रालयमा प्रेषित गरिएको, |
| ३. | सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा | - नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. २ अन्तर्गत यस मन्त्रालयबाट गरिने १० वटा सुधारका कार्यहरूको मासिक प्रगति विवरण मिति २०८३/०३/०४ गते तथा शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको प्रगति प्रतिवेदन मिति २०८३/०३/१८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- यस मन्त्रालय तथा अन्तर्गत निकायबाट कार्यान्वयन भएका शासकीय सुधारका एक सय कार्यसूचीसँग सम्बन्धित कार्यहरूको कार्यकारी सारांश र यस मन्त्रालयसम्बद्ध शासकीय सुधारका एक सय कार्यसूचीमा उल्लेख भएका विषय बाहेकका महत्वपूर्ण कार्यहरूको विवरण मिति २०८३/०३/१८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- संघीय संसदमा उठान भएका यस मन्त्रालय र नेपाली सेना सम्बद्ध विषयहरूको विवरण सङ्कलन तथा रिपोर्टिङ गरिएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२/१२/२५ गते प्राप्त पत्रानुसार **"सिंहदरबारमा आज"** कार्यक्रममा यस मन्त्रालयबाट प्रत्येक दिन सम्पादन गरिएका मुख्य २ (दुई) कार्य सङ्कलन गरी **Google Docs** मार्फत रिपोरिङ गर्ने गरिएको,<br>- सूचनाको हक सम्बन्धी ऐन बमोजिमको सूचना माग गर्ने २ जना निवेदकहरूलाई मिति २०८३/०३/१२ र २०८३/०३/२३ गते सूचना उपलब्ध गराइएको,<br>- विपद् व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय, सहजीकरण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने गरिएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - मन्त्रालयबाट २०८३ जेठ महिनामा भए गरेका कार्यहरू रहेको प्रगति विवरण तयार गरी मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मा राखिएको,<br>- मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको मासिक तथ्याङ्क (जेठ महिनाको GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- मन्त्रालयका ६ जना कर्मचारीहरूका लागि सरकारी इमेलहरू (@nepal.gov.np) सिर्जना गर्नको लागि सूचना प्रविधि विभागमा पठाइएको,<br>- मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित रूपमा अद्यावधिक गरिएको, |

## ग. कानून महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | कानून तथा फैसला कार्यान्वयन शाखा | - "राष्ट्रिय सेवा दल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" मिति २०८३/०३/१५ मा संघीय संसदमा दर्ता भएको,<br>- "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालय र व्यवस्थापन गर्न बनेको विधेयक" उपर तर्जुमा सहमति उपलब्ध गराई दिन प्रस्तुत विधेयकको मस्यौदा र विधायन ऐन, २०८१ को दफा ९ को उपदफा (२) बमोजिम उक्त विधेयकसँग सम्बन्धित "राष्ट्रिय प्रतिरक्षा विश्विवद्यालय सञ्चालय तथा व्यवस्थापन नियमावली, २०८३" को मस्यौदा सहितको सक्कल फाइल मिति २०८३/०३/२९ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,<br>- "सैनिक सेवा (सातौं संशोधन) नियमावली, २०८३" को मस्यौदा उपर मिति २०८३/०३/३१ मा अर्थ मन्त्रालयबाट सकरात्मक राय सहितको सहमति प्राप्त भएको,<br>- केही नेपाल ऐन संशोधन गर्ने ऐनको मस्यौदा तर्जुमाको आवश्यक प्रक्रिया अघि बढाउने प्रयोजनका लागि मिति २०८३/०३/०९ को निर्णयानुसार (सचिवस्तर) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गरिएको,<br>- "राष्ट्रिय हवाई नीति, २०८३" को मस्यौदा, "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" लाई संशोधन गर्न बनेको विधेयक तथा नेपाली सेनाका सैनिक व्यक्तिहरूको बढुवा, मानार्थ बढुवा, पदावधि थप लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको (७ वटा), |
| २. | मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा | - हेलो सरकार पोर्टलमार्फत प्राप्त १० वटा गुनासोहरू मध्ये ९ वटा गुनासोहरू गुनासो व्यवस्थापनका लागि नेपाली सेनामा पत्राचार गरिएको र १ वटा गुनासो मन्त्रालयसँग असम्बन्धित रहेको। साथै, १ वटा गुनासोको जवाफ प्राप्त गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हेलो सरकारमा पठाइएको,<br>- नेपाली सेनाबाट २०८३ असार महिना अगाडिका १५ वटा गुनासोहरूको प्राप्त जवाफहरू हेलो सरकारमा पठाइएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - हेलो सरकार बाहेक अन्य निकायबाट प्राप्त ८ वटा उजुरी तथा गुनासो नेपाली सेनामा पत्राचार गरिएको। साथै, १ वटा गुनासोको जवाफ प्राप्त भई गृह मन्त्रालयमा पठाइएको,<br>- राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय कार्यान्वयनका लागि सिफारिस भई आएका ३ वटा पत्रहरूको नेपाली सेनाबाट जवाफ प्राप्त गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरिएको र २०८३ असार महिना अगाडिका जवाफ प्राप्त हुन बाँकी पत्रहरूको सम्बन्धमा समेत नेपाली सेनामा ताकेता गरिएको। साथै, आ.व. २०७७/७८ देखि आ.व. २०८२/८३ सम्मको सिफारिस कार्यान्वयन स्थितिको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त २ वटा उजुरी मध्ये १ वटा उजुरीको जवाफ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको,<br>- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औं वार्षिक प्रतिवेदन मार्फत दिइएका क्षेत्रगत तथा निकायगत सुझावहरूको कार्यान्वयन अवस्थाको प्रगति विवरण पठाइएको,<br>- मानव अधिकार सम्बन्धी प्रस्तावित छैठौं राष्ट्रिय कार्ययोजना (आ.व.२०८३/८४ देखि २०८७/८८) मा रक्षा मन्त्रालयसँग सम्बन्धित विषयहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राय/प्रतिक्रिया तथा सुझाव पठाइएको,<br>- राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, ललितपुर र कोशी प्रदेश कार्यालय, विराटनगरबाट जानकारी/राय/प्रतिक्रिया माग गरिएको २ वटा पत्र नेपाली सेनामा पत्राचार गरिएको। साथै, राष्ट्रिय मानव अधिकार आयोग, कोशी र गण्डकी प्रदेश कार्यालयमा नेपाली सेनाबाट प्राप्त ३ वटा पत्रको सम्बन्धमा जानकारी गराइएको, |

## घ. व्यवस्थापन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा | - सुरक्षा प्रबन्ध तथा हेली उद्धार (१५ पटक) तथा ड्रोन उडानको सहमति (१ वटा) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- तत्कालीन रक्षामन्त्रीले प्रयोग गर्दै आउनुभएको ब्रेजा कार जेन्जी आन्दोलनमा आगजनी भई पूर्ण रुपमा क्षति भएको सम्बन्धमा उक्त सवारी साधन मिनाहा गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको तथा मिनहा समेत भइसकेको,<br>- जिन्सी निरिक्षण समिति गठन गरी तोकिएको समय भित्र प्रतिवेदन पेश गर्न सिफारिस गरिएको,<br>- वार्षिक खरिद कार्यका लागि खरिद अधिकारी तोकिएको,<br>- विभिन्न स्थानमा रहेका सरकारी जग्गा नेपाली सेनाको लागि उपलब्ध गराउन सिफारिससहित पत्रचार गरिएको,<br>- मन्त्रालयको नियमित उच्च व्यवस्थापन समूह बैठक मिति २०८३/०३/०२ गते र नियमित कर्मचारी बैठक मिति २०८३/०३/०८ गते सम्पन्न भएको, |
| २. | आर्थिक प्रशासन शाखा | - आ.व. २०८२/८३ को चौथो त्रैमासिकसम्मको लेखापरिक्षण सम्पन्न भएको,<br>- २०८३ असार महिनासम्म चालु खर्च ७१.४% र पुँजीगत खर्च ६९.९% भएको, |
| ३. | खरिद व्यवस्थापन शाखा | - विभिन्न १६ (सोह्र) वटा जलविद्युत आयोजना तथा ५ (पाँच) सडक आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थको खरिद/आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको,<br>- नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको संख्या ७ (सात), |